# धनपालथान गाउँपालिकाको

# विनियोजन ऐन, २०७५

**धनपालथान गाउँपालिका**

सोराभाग, मोरङ

प्रदेश नं. १

२०७५

धनपालथान गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्न सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

प्रस्तावनाः धनपालथान. गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम धनपालथान गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनामर प्रारम्भः (१) यस ऐनको नाम " धनपालथान गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९७५०९०३७.८६ (अक्षेरुपी उन्चालीस करोड पचहत्तर लाख नौ हजार सैतिस रुपैया पैसा छ्यासी) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐन द्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त धनपालथान गाउँपालिकाकको गाउँ कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

अध्यक्ष

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसुची-१

(दफा २ संग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ६१५००००० | २०८६८९०३७.८६ | | |
| २ | | वडा समिति | ५३२००००० | | | |
| ३ | | बिषयगत शाखा शसर्त | १२२०००००० | | | |
| ४ | | रिणको साँवा ब्याज भुक्तानि | | | | |
| ५ | | लगानी (शेयर / रिण) | | | | |

### संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.स. | क्षेत्र | रकम |
|---|---|---|
| १ | प्रशासनिक खर्च | ६६८२०००० |
| २ | गाउपालिका स्तरका गौरवका आयोजनाहरुको लागि | २५०००००० |
| ३ | समपुरक कोष आवश्यक पर्ने आयोजनाहरुको लागि | ४९२९००० |
| ४ | सशर्त अनुदानको कार्यक्रमहरुको लागि | १२२०००००० |
| ५ | दिगो बिकासका लक्ष्य पुरा गर्ने आयोजनाहरुको लागि | १५०००००० |
| ६ | गाउँपालिका आफै गर्नुपर्ने अत्यावश्यक कार्यहरुको लागि | १५०००००० |
| ७ | वडागत आयोजना तथा कार्यक्रमहरुको लागि | १०५०००००० |
| ८ | विषयगत शाखा र समिति अन्तर्गतका आयोजना तथा कार्यक्रम | २५६६७००० |
| ९ | क्रमागत योजना तथा कार्यक्रम | १८०९३०३७.८६ |
| | जम्माः | ३९७५०९०३७.८६ |